बैठक नं ४

आज मिति २०८१।१०।२५ गते, शुक्रबार दिनको १:३० बजेको समयमा उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जको सभाहलमा उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री अशोकराज रेग्मीज्यूको संयोजकत्वमा उच्च सरकारी वकील कार्यालय नेपालगंजका उपन्यायाधिवक्ताहरु, सहायक न्यायाधिवक्ताहरु, जिल्ला सरकारी वकील कार्यालय बाँके र जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ताहरु, सहायक जिल्ला न्यायाधिवक्ताहरु बीचमा कार्यालय सम्बन्धी कामकाज प्रभावकारी बनाउने सम्बन्धमा अन्तर्क्रिया बैठक कार्यक्रम आयोजना गरि निम्न अनुसार निर्णय गरियो।

उपस्थितिः

१. अशोकराज रेग्मी, सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज

२. देवराज भारती, जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., बाँके

३. कर्णबहादुर बुढा क्षेत्री, जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., बर्दिया

४. नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज

५. प्रयागदत्त जैसी, उपन्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज

६. डिल्लीराज ज्ञवाली, सहायक न्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज

७. शिवराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., बर्दिया

८. शंकर वि.क., सहायक जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., बाँके

९. सृजना आचार्य, सहायक न्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज

सहायक कर्मचारी

१ संगम ठाडा, लेखापाल, उ.स.व.का. नेपालगञ्ज

२ रमा अर्याल, नायव सुब्बा, उ.स.व.का. नेपालगञ्ज

३ पुर्णबहादुर कटुवाल, नायव सुब्बा, उ.स.व.का. नेपालगञ्ज

४ सुवास सुनार, नायव सुब्बा, उ.स.व.का. नेपालगञ्ज

५ शोभाकर राना, नायव सुब्बा, उ.स.व.का. नेपालगञ्ज

सह-न्यायाधिवक्ता

६ रुद्रलाल न्यौपाने, नायव सुब्बा, जि.स.व.का. बाँके

७ खेमराज पुन मगर, नायव सुब्बा, जि.स.व.का. बाँके

८ किरण जैशी, नायव सुब्बा, जि.स.व.का. बाँके

९ अर्जुन चौधरी, कम्प्युटर अपरेटर, जि.स.व.का. बाँके

१० ललितबहादुर के.सी., जि.स.व.का. बाँके

११ लोकराज के.सी., जि.स.व.का. बाँके

१२ सुष्मा यरी, सहायक कम्प्युटर अपरेटर, उ.स.व.का. नेपालगञ्ज

**प्रस्तावहरु**

१ पुनरावेदन कारवाही सम्बन्धमा ।

२ उच्च सरकारी वकील कार्यालय र मातहत कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयन अन्तर्गत संयुक्त रुपमा कार्यक्रम आयोजना गर्नमा सहकार्य गर्ने सम्बन्धमा।

३ आ.व. ०८१।०८२ को हालसम्मको उच्च सरकारी वकील कार्यालय नेपालगंज र मातहत कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयन, सूचना प्रविधि, मुद्दाको काम कारबाही र कार्यालय व्यवस्थापन सम्बन्धी काम कारबाहीको समिक्षा सम्बन्धमा ।

**निर्णयहरु**

१ प्रस्ताव नं १ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंज र मातहत कार्यालयहरुको २०८१ असार सम्म बाँकी रहेका मुद्दाहरुको र प्राप्त भएका फैसलाहरुको पुनरावेदन सम्बन्धी कारबाहीको अवस्थाका विषयमा समिक्षा गरियो । जिल्ला सरकारी वकील कार्यालय बर्दियामा २०८१ असार सम्म फैसला भएका मुद्दाहरुको उच्च अदालतमा पुनरावेदन सम्बन्धी कारबाही गर्न बाँकी नरहेको जानकारी प्राप्त भयो। यसै गरी उच्च सरकारी वकील कार्यालय नेपालगंजबाट पुनरावेदन/दोहोर्याई पाउँ निवेदन र जिल्ला सरकारी वकील कार्यालय बाँकेमा २०८१ असार सम्म पुनरावेदन सम्बन्धी कारबाही गर्न बाँकी रहेका मुद्दाहरुको फैसला प्राप्त नभएको भए सम्बन्धित मुद्दा हेर्ने निकायसँग समन्वय गरी २०८१ चैत भित्र पुनरावेदन/दोहोर्याई पाउँ निवेदनको कारबाही टुङ्गो लगाउने निर्णय गरियो ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंज र मातहत कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयन अन्तर्गत समुदाय स्तरमा र सरोकारवाला



सह–न्यायाधिवक्ता

बीच गरिने केहि कार्यक्रमहरु संयुक्त रुपमा गर्दा प्रभावकारी हुने देखिएकाले संयुक्त रुपमा गरिने कार्यक्रमहरुको उच्च सरकारी वकील कार्यालय नेपालगंजका योजना शाखा हेर्ने शाखा प्रमुख उपन्यायाधिवक्तासँग मातहत जिल्ला सरकारी वकील कार्यालयहरुका जिल्ला न्यायाधिवक्ताहरुले समन्वय गरी संयुक्त रुपमा गर्नुपर्ने कार्यक्रमहरुको विवरण तयार गरी सहन्यायाधिवक्ता समक्ष पेश गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा अन्तरक्रिया वैठक कार्यक्रममा कार्यालयको वार्षिक कार्ययोजना सम्बन्धी, मुद्दाको काम कारबाही सम्बन्धी, सूचना प्रविधि र कार्यालय व्यवस्थापन विषयमा जिल्ला सरकारी वकील कार्यालय बाँकेका जिल्ला न्यायाधिवक्ता श्री देवराज भारती र सहायक जिल्ला न्यायाधिवक्ता श्री शंकर वि.क. र जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री कर्णबहादुर बुढा क्षेत्री र उच्च सरकारी वकील कार्यालय नेपालगंजका उपन्यायाधिवक्ता नगेन्द्र लम्सालले आ आफ्नो कार्यालयको काम कारबाही विषयमा कार्यक्रममा प्रस्तुती गर्नुभएको थियो । उक्त प्रस्तुती पछि सहभागीहरु बीच समिक्षा छलफल गरी सुधार गर्नुपर्ने विषयमा कार्यक्रममा उपस्थित सहभागी सरकारी वकील र कर्मचारीहरुबाट रचनात्मक सुझाव प्रदान गरिएको थियो । उक्त सुझावहरुलाई ग्रहण गर्दै उच्च सरकारी वकील कार्यालय नेपालगंज र मातहत जिल्ला सरकारी वकील कार्यालयहरुले सरोकारवाला निकायहरुसँग प्रभावकारी समन्वय गरी सरकारी वकील कार्यालयको काम कारबाही प्रभावकारी बनाउन सम्पूर्ण सरकारी वकील र कर्मचारीहरु क्रियाशील रहने निर्णय गरियो ।

२०७९/१०/२५

सह-न्यायाधिवक्ता